# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, फागुन २४ गते २०५८ साल (अतिरिक्ताङ्क ७२

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना

श्री ५ महाराजाधिराजका हजूरमा नेपाल अधिराज्यमा वि.सं. २०४७ सालदेखि विभिन्न पदमा वहाल रहेका वा अवकाश प्राप्त गरेका प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायक मन्त्री लगायत कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका तथा संवैधानिक निकायका प्रमुख, उपप्रमुख तथा सदस्यहरु र तिनका परिवारहरु, श्री ५ को सरकारका सबै सेवाका राजपत्रांकित तृतीय श्रेणी र सो भन्दा माथिका सबै कर्मचारीहरु र आयोगले आवश्यक सम्झेका अन्य तहका कर्मचारीहरु तथा तिनका परिवारहरु, श्री ५ को सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको कम्पनी, बैंक, समिति वा प्रचलित कानून बमोजिम वा श्री ५ को सरकारद्वारा स्थापित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, वोर्ड, केन्द्र वा परिषद्का प्रमुख, उपप्रमुख, संचालक समितिका अध्यक्ष, उपाध्यक्ष तथा सदस्यहरु तथा अधिकृत कर्मचारीहरु र आयोगले आवश्यक सम्झेका अन्य तहका कर्मचारीहरु र तिनका परिवारहरु, जिल्ला विकास समितिका सभापति, उपसभापति तथा तिनका परिवारहरु, महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाका प्रमुख, उपप्रमुख तथा तिनका परिवारहरु एवं राजनीतिक नियुक्ति पाएका व्यक्ति र तिनका परिवारहरु समेतका नाममा रहेको सम्पत्ति जांचबुझ गरी प्रतिवेदन पेश गर्ने सम्बन्धमा सर्वोच्च अदालतका न्यायाधीशको अध्यक्षतामा जांचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा (१)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिमको न्यायिक जाँचबुझ आयोग गठन गर्ने सम्बन्धमा मन्त्रिपरिषद्ले जाहेर गरेकोमा मौसूफबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम न्याय परिषद्को परामर्शमा सर्वोच्च अदालतका न्यायाधीश श्री भैरब प्रसाद लम्साललाई अध्यक्ष तोकिबक्सी देहायबमोजिम न्यायिक जाँचबुझ आयोग गठन गरिबक्सी आयोगको काम, कर्तव्य, अधिकार र कार्यावधि समेत तोकिबक्सेकोछ ।

१. आयोगको गठन

(क) श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९२ को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भएबमोजिम तोकिबक्सेको सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री भैरब प्रसाद लम्साल — अध्यक्ष

(ख) सर्वोच्च अदालतका भूतपूर्व न्यायाधीश श्री उदयराज उपाध्याय — सदस्य

(ग) सर्वोच्च अदालतका भूतपूर्व न्यायाधीश श्री ज्ञाइन्द्रबहादुर श्रेष्ठ — सदस्य

२. आयोगको काम, कर्तव्य र अधिकार: आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) नेपाल अधिराज्यमा वि.सं. २०४७ सालदेखि विभिन्न पदमा वहाल रहेका वा अवकाश प्राप्त गरेका प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायक मन्त्री लगायत कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका तथा संवैधानिक निकायका प्रमुख, उपप्रमुख तथा सदस्यहरु र तिनका परिवारहरु, श्री ५ को सरकारका सबै सेवाका राजपत्रांकित तृतीय श्रेणी र सो भन्दा माथिका सबै कर्मचारीहरु र आयोगले आवश्यक सम्झेका अन्य तहका कर्मचारीहरु तथा तिनका परिवारहरु, श्री ५ को सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको कम्पनी, बैंक, समिति वा प्रचलित कानून बमोजिम वा श्री ५ को सरकारद्वारा स्थापित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, वोर्ड, केन्द्र वा परिषद्का प्रमुख, उपप्रमुख, संचालक समितिका अध्यक्ष, उपाध्यक्ष तथा सदस्यहरु तथा अधिकृत कर्मचारीहरु र आयोगले आवश्यक सम्झेका अन्य तहका कर्मचारीहरु र तिनका परिवारहरु, जिल्ला विकास समितिका सभापति, उपसभापति तथा तिनका परिवारहरु, महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाका प्रमुख, उपप्रमुख तथा तिनका परिवारहरु एवं राजनीतिक नियुक्ति पाएका व्यक्ति र तिनका परिवारहरु समेतका नाममा रहेको सम्पत्तिहरुको विवरण लिने ।

(ख) खण्ड (क) बमोजिम प्राप्त सम्पत्ति विवरण उपर जाँचबुझ गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२३४

(ग) खण्ड (ख) बमोजिम सम्पत्तिको जांचबुझ गरी स्रोत नखुलेको सम्पत्तिको विवरण तयार गर्ने ।

(घ) जांचबुझ आयोग ऐन, २०२६ बमोजिमको सबै अधिकार प्रयोग गर्ने ।

(ङ) जांचबुझको काम सम्पन्न भएपछि जांचबुझ आयोग ऐन, २०२६ को दफा ४ को उपदफा (२) बमोजिम आफ्नो राय सहितको प्रतिवेदन पेश गर्ने ।

३. आयोगको कार्यावधि: आयोगको कार्यावधि आयोगले काम शुरु गरेको मितिले ६ महिनाको हुनेछ ।

हुकुमबक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।